## प्र.अ.वैठक तथा भर्ना अभियान २०७६ का ऐजेन्डाहरु

**१) विद्यार्थी भर्ना अभियान तथा कक्षा सञ्चालन संम्बन्धमा :**

हाम्रो नगर हाम्रो गाउँ,सबै बालवालिकालाई विद्यालय पुऱ्याउ भन्ने यस वर्षको भर्ना अभियानको आदर्श वाक्यलाई सार्थक वनाउन देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- २०७६ वैशाख ७ गते सम्म भर्ना अभियानलाई व्यापक वनाउने, घरदैलो कार्यक्रम सञ्चालन गर्ने र भर्ना अभियानमा सरिक हुन सामाजिक अभियन्ता,शिक्षाप्रेमी र समाज सेवी,राजनीतिकर्मी र इच्छुक व्यक्ति तथा संस्थाहरुलाई भर्ना अभियानमा सरिक हुन आह्वान गर्ने ।
- २०७६ वैशाख ८ गतेवाट नियमित कक्षा सञ्च ालन गर्ने र कुनै वालवालिका छुटेको पाइएमा सो को खोजि गरी वैशाख भरी नै भर्ना गर्न सक्ने ।
- चार वर्ष उमेर पुरा गरेका वालवालिकाहरुलाई प्रारम्भिक वाल शिक्षा कक्षामा भर्ना गराउने, कक्षा १ देखि १० सम्म उमेर समूहका सवै वाल वालिकाहरुलाई भर्ना सँगै नजिकको पुस्तक व्यवसायी सँग सम्पर्क राखी सेटमा नयाँपाठ्यपुस्तक(कक्षा १-५मा रङ्गीन) समेत उपलब्ध गराउने ।
- आफ्नो सेवा क्षेत्र भित्रका भर्ना हुन नसकेका र भर्ना भएर पनि नियमित पठनपाठन गर्न नसक्ने वालवालिकाको विवरण तयार गरी वडा शिक्षा समिति र गा.पा.को शिक्षा शाखामा आगामी वैठक सम्म पेश गर्ने ।

**२) शैक्षिक क्यालेन्डर सम्बन्धमा :**

वर्ष भरी गरिने शैक्षिक कार्यक्रममा गाँउपालिका भरीका विद्यालयमा एकरुपता कायम गर्ने उद्देश्यले शैक्षिक क्यालेन्डर प्रकाशन गर्ने ,उक्त क्यालेन्डरमा गाँउपालिकावाट सम्पादन हुने मुख्य कार्यक्रम,गा.पा.को संक्षिप्त विवरण समेत समावेश गरी यहि वैशाख १५ गते सम्म प्रकाशन गर्ने जसका लागि देहाय वमोजिमको समिति वनाउने निर्णय गरियो

**३) परीक्षा सञ्चालन सम्बन्धमा :**

विद्यार्थीहरुको सिकाइउपलब्धी न्यून हुदै गइ रहेको,पाठ्यक्रम र विशिष्टीकरण तालिमामा आधारित हुन नसकेका ,पाठ्यक्रमले निर्धारण गरेको पद्धतिअनुसार मूल्यांकन समेत हुन नसकेकोमा आगामी दिनमा परीक्षा पद्दतिमा सुधार गर्न देहाय वमोजिम गर्ने निर्णय गरियो ।

- पाठ्यक्रमले निर्धारण गरे वमोजिम निरन्तर विद्यार्थी मूल्यांकनलाई प्रभावकारी रुपमा लागु गरी सो समेतका आधारमा मूल्यांकन गर्ने ।
- प्रत्येक महिनामा सो अवधि सम्म अध्यापन गरेका पाठ्यवस्तु भित्रवाट विद्यार्थीहरुको परीक्षा सञ्चालन गरी सो को नतिजा अभिभावहरुलाई दिने ।
- प्रत्येक त्रैमासिक परीक्षा गाउँपालिकास्तरीय परीक्षा समितिमार्फत विशिष्टीकरण तालिकाका आधारमा तयार गरी कक्षा ५ र ८ को हकमा नजिकको विद्यालय मार्फत उत्तरपुस्तिका जँचाई नतिजा प्रकाशन र सो पश्चात अभिभावक सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- वार्षिक परीक्षाको हकमा : कक्षा ५ को वडास्तरीय र कक्षा ८ को हकमा गा.पा. स्तरीय सञ्चालन गर्ने र सो का लागि प्रश्नपत्र निर्माण गा.पा. वाटै गर्ने,परीक्षा सञ्चालनको हकमा केन्द्राध्यक्ष,निरीक्षक अन्य विद्यालयवाट

तोक्ने र सम्बन्धित केन्द्रहरुमा ल्याई कोडिङ्ग,डिकोडिङ्ग गरी उत्तरपुस्तिका परीक्षण गरी नतिजा प्रकाशन गर्ने र पून परीक्षा गर्ने अवस्था आएमा सम्बन्धित निकायवाट (वडा तथा गा.पा.) नै गर्ने व्यवस्था गर्ने ।

- वैशाख १५ गते भित्र सवै विद्यालयहरुले पाठ्यक्रम र विशिष्टिकरण तालिका वारेमा छलफल गरी सोही अनुसार मात्रै अध्ययन अध्यापन गर्ने गराउने व्यवस्था मिलाउने ।

**४) विद्यालयहरुमा मनाइने शोक विदा सम्बन्धमा :**

पाठ्यक्रमले तोकेका सिकाइउपलब्धी हाँसिल गर्न र शिक्षा ऐन नियमले तोकेको समय सम्म कम्तिमा पठनपाठनको सुनिश्चितता कायम गर्न देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

- अध्ययनरत विद्यार्थी ,अध्यापनरत शिक्षक र कार्यरत समितिका पदाधिकारी,विद्यालयका संस्थापकहरु मृत्यु भएमा सोही दिन वा सो को भोलिपल्ट एक दिन शोक मनाई विदा गर्ने ।
- सवै भू.पू.हरुको हकमा कम्तिमा २ वजे सम्म पठनपाठन गरी कार्यक्रम गरी शोक मनाउने ।

**५) विद्यालयको सम्पती सम्बन्धमा :**

जिल्ला प्रशासन कार्यालयको परीपत्र अनुसार विद्यालयहरुले भोग गर्दै आएको जग्गा आफ्नै नाममा भएको भए सो को कित्ता नम्बर सहित र सार्वजनिक वा कुनै व्यक्तिको नाममा रहेको भए सो को विवरण समेत उल्लेख गरी वैशाख मसान्त सम्म विवरण पेश गर्ने ।

**६) विविध :**

- यस अघि वितरण गरिएका २२ वटा सूचकहरुको अनिवार्यरुपमा प्रयोग गर्ने ।
- प्रति दिन कम्तीमा शैक्षिक सामाग्री सहितको अध्यापन गर्ने सुनिश्चितता गर्ने ।
- प्रत्येक महिना शिक्षकले कक्षाकोठामा विताएको समय फारमको सही प्रयोग गर्ने ।
- विद्यालयमा विषयगत समिति, कामको वाँडफाँड ,जिम्मेवारी र जवाफदेहिता सहित शिक्षकहरु सँग कार्यसम्पादन सम्झौता गरी सो को एक प्रति शिक्षा शाखामा पेश गर्ने ।
- वैशाख महिना भित्र सवै अभिभावक,शिक्षक र सम्बद्ध व्यक्तिहरुको समेत उपस्थितमा अन्तरक्रिया,छलफल,भावी योजना वारेमा कार्यक्रम गर्ने ।